# स्याङ्जाका लोकगीतमा अभिव्यक्त लोकजीवन

प्रमोद पंज्ञानी

## सार

*प्रस्तुत लेख स्याङ्जा जिल्लामा प्रचलित लोकगीतमा अभिव्यक्त स्याङ्जाली लोकजीवनका मूलभूत पक्षहरूको अध्ययनमा केन्द्रित छ । भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधताले मात्र नभई लोकसंस्कृतिका दृष्टिले अझ सम्पन्न ठहरिएको यस जिल्लाभित्र परम्परागत एवम् मौखिक प्रचलनमा रहँदै आएका , विभिन्न भाका या लयका लोकगीत नै स्याङ्जाली लोकगीत हुन् । यस अध्ययनमा स्याङ्जाका लोकगीतमा स्याङ्जाली जनजीवन र त्यससँग सन्निहित विविध जीवनसन्दर्भको अभिव्यक्ति के कसरी भएको, आएको छ भन्ने कुराको वस्तुगत खोजी गरिएको छ । सामग्री सङ्कलन क्षेत्रकार्य तथा पुस्तकालय स्रोतबाट गरिएको छ । विश्लेषण तथा व्याख्या विधिको यसमा उपयोग गरिएको छ । स्याङ्जामा प्रचलित विविध लयका लोकगीतको अध्ययन गर्दा तिनमा आंशिक वा सघन कुनै न कुनै रूपले स्याङ्जाली जनजीवनसँग जोडिएका विविध भावसन्दर्भहरू प्रतिबिम्बित हुनआएको देखियो । त्यसमा पनि खासगरी लोकजीवनको अभिन्न अङ्गका रूपमा रहने लोकविश्वास, मायाप्रेम, कृषिकर्म, विरहवेदना, परदेशी जीवन,भाग्यवादी चिन्तन, आध्यात्मिक चिन्तन जस्ता पक्षहरू अति सघन रूपमा अभिव्यक्त भएको भेटियो । अन्त्यमा यहाँ लोकजीवनका विविध सन्दर्भहरूको अभिव्यक्तिका दृष्टिले स्याङ्जाका लोकगीत महत्त्वपूर्ण र अध्येय रहेको निष्कर्ष स्थापित गरिएको छ ।*

**मुख्य शब्दहरू :** अभिव्यक्ति, लोकगीत, लोकजीवन, स्याङ्जा, स्याङ्जाली

## विषय परिचय

स्याङ्जा जिल्ला नेपालको साविक पश्चिमाञ्चल विकाशक्षेत्र र हालको गण्डकी प्रदेशअन्तर्गत पर्ने एक पहाडी जिल्ला हो । यस जिल्लाले ११६४ वर्ग कि.मी. भू-क्षेत्र ओगटेको छ । यसको पूर्वमा तनहुँ, उत्तरमा कास्की र पर्वत तथा दक्षिणमा कालीगण्डकीको पावन तटसँगै जोडिएको पाल्पा जिल्ला पर्दछ । । भू-बनोटका दृष्टिले यो जिल्ला अनेक लेकबेसी, खौँच, टार र फाँटमा संरचित छ । आँधीखोला, ज्याग्दीखोला र कालीगण्डकी यस जिल्लाभित्र बग्ने प्रसिद्ध नदीहरू हुन् । स्याङ्जा धार्मिक, ऐतिहासिक एवम् प्राकृतिक दृष्टिले महत्त्वपूर्ण जिल्ला हो । यसका साथै यो जातीय तथा सांस्कृतिक विविधताले पनि भरिपूर्ण जिल्ला मानिन्छ । स्याङ्जा सिद्धार्थ राजमार्ग आसपासका बजारबाहेक मूलतः ग्रामीण बस्तीले भरिएको जिल्ला हो । यहाँका डहरे देउराली, सिरुबारी, पञ्चासे धाम, गह्रौँसुर, आलमदेवी, चण्डीस्थान, हरिनास, पुर्कोट, गृहकोट जस्ता स्थानहरू धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन् । यसैगरी पवित्र कालीगण्डकीको तटमा अवस्थित राम्दीघाट, हुँगीघाट, आँधीघाट, मणिमुकुन्दघाट, खोरियाघाट, ज्याग्दीघाट, रामघाट र केलादीघाट जस्ता घाट एवम् तीर्थस्थलहरू पनि धार्मिक र साँस्कृतिक दृष्टिले ज्यादै महत्त्वपूर्ण र प्रसिद्ध मानिन्छन् । यहाँको जनजीवनमा पाइने वैविध्य, प्रचलित लोकसंस्कृति र रहनसहनका दृष्टिले स्याङ्जा जिल्लाको समग्र लोकसंस्कृति, सभ्यता र जनजीवनलाई आँधीखोला क्षेत्र, ज्याग्दीखोला क्षेत्र, र कालीगण्डकी बेसी क्षेत्रमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । यस्तो आफ्नै किसिमको भौगोलिक, सामाजिक तथा सांस्कृतिक परिवेशले वेष्टित यस स्याङ्जा जिल्लाको जनजीवनमा प्रचलित लोकगीतहरू नै मूलतः स्याङ्जाली या स्याङ्जाका लोकगीतका रूपमा परिचित छन् ।

नेपाली बृहत् शब्दकोशका अनुसार ‘लोक’ शब्दले समान संस्कृति, भावना र सामाजिक स्थिति भएका, खास भौगोलिक एकाइमा रहने मानिसको समुदायलाई जनाउँदछ। यही लोक वा जनसमुदायले आफू बाँची बस्ने क्रममा यावत् सांस्कारिक एवम् सुखदुःखजन्य परिस्थितिसँग साँधिएर यापन गर्दै गरेको जीवनशैली या जनजीवन नै लोकजीवन हो ।यस दृष्टिले खास भौगोलिक अवस्थितिमा रहेको स्याङ्जा जिल्ला र यसभित्र बसोबास गर्ने जनसमुदाय र तिनले यापन गरेको जनजीवनलाई एक अर्थमा यहाँ स्याङ्जाली लोकजीवनका रूपमा लिएर अध्ययन गरिएको छ । स्याङ्जाली जनजीवन नेपालको पहाडी लोकजीवनको एक अंश हो । यस दृष्टिले स्याङ्जाका विभिन्न क्षेत्रमा बसोबास गर्दै आएका स्याङ्जालीहरूको जीवनभोगाइ तथा रीतिस्थितिसँग सन्निहित समूल दिनचर्या या जीवनशैलीलाई नै मूलतः स्याङ्जाली लोकजीवनवा जनजीवनका रूपमा लिनुपर्ने हुन्छ । सिङ्गो नेपाली लोकजीवन जस्तै स्याङ्जाली जनजीवन पनि विविधतामय र व्यापक देखिन्छ । जीवनसम्बद्ध विभिन्न सांस्कारिक कर्महरू सम्पादन गर्नु, परम्परित चाडपर्वहरू मनाउनु, खेतिपाती र पशुपालन गर्नु, मेलापात घाँसदाउरा गर्नु, व्यापारव्यवसाय गर्नु, जिल्ला भित्रका धार्मिक तीर्थस्थल, घाट र विभिन्न स्थानहरूमा लाग्ने जात्रा वा मेलापर्व मा संलग्न हुनु, जीवनयापनका निम्ति आर्थिक जोहो गर्न  परदेश जानु आउनु, भाग्यमा विश्वास गर्नु, ईश्वर भक्तिमा लाग्नु आदि क्रियाकलापहरू नै मुख्यतः स्याङ्जाली जनजीवनका मूलभूत जीवनसन्दर्भभित्र पर्दछन् । स्याङ्जाका लोकगीतमा यिनै जीवनसन्दर्भसित सन्निहित हुनपुगेका विविध भावहरू अभिव्यक्त भएको पाइन्छ । यस लेखमा भने अभिव्यक्तिका दृष्टिले बढी महत्त्वपूर्ण ठानिएका र सघन रूपमा प्रकट हुन आएका जीवनसन्दर्भहरूलाई यहाँ प्रचलित लोकगीतसँग आधारित भएर सङ्क्षिप्तमा अध्ययन गरिएको छ । जसमा लोकविश्वास, कृषिजीवन, मायाप्रेम, नारीवेदना, परदेशी जीवन, प्रकृति चित्रण, भाग्यवादी चिन्तन, आध्यात्मिक चेतना पर्दछन् । यसबाहेक अन्य पक्षहरूको अध्ययन नहुनु यो लेखको सीमा हो ।

## समस्या तथा उद्देश्य

स्याङ्जा जिल्लामा प्रचलित लोकगीतहरूमा यहाँको लोकजीवन के कसरी अभिव्यक्त भएको छ ? भन्ने प्रश्न नै यस अध्ययनको मूल समस्या हो भने त्यसको प्राज्ञिक समाधानलाई यसले आफ्नो उद्देश्य बनाएको छ।

## पूर्वकार्यको समीक्षा

स्याङ्जा जिल्लामा प्रचलित लोकगीतहरूका बारेमा अध्ययन विश्लेषण गरिएका विभिन्न पुस्तक प्रकाशित भएको देखिन्छ भने केही स्नातकोत्तर तहका शोधपत्र र विद्यावारिधि शोधप्रबन्ध समेत तयार भएको पाइन्छ । यस अध्ययनका सन्दर्भमा महत्त्वपूर्ण देखिएका पूर्वकार्यको छोटो समीक्षा यहाँ प्रस्तुत गरिएको छ :

नारायणप्रसाद अधिकारी (२०४३) ले *ज्याग्दीखोले लोकगीतको सङ्कलन वर्गीकरण र अध्ययन* शीर्षकको स्नातकोत्तर शोधपत्रमा स्याङ्जा जिल्लामा प्रचलित लोकगीतको चर्चा गरेका छन् । उनको यो शोधपत्र मूलतः स्याङ्जा जिल्लाको ज्याग्दीखोला क्षेत्रमा प्रचलित लोकगीतको अध्ययनमा केन्द्रित देखिन्छ।

*आँधीखोले लोकसंस्कृति* (२०५५) नामक पुस्तकमा देवीप्रसाद वनवासीले स्याङ्जा जिल्लाको आँधीखोला क्षेत्रमा प्रचलित बाल लोकगीत र केही पुराना लोकगीत सङ्कलन गरी त्यसको सङ्क्षिप्त चर्चा गरेका छन् ।

वनवासीको यो कृति लोकगीतको अध्ययनमा भन्दा ज्यादा सङ्कलनमा केन्द्रित रहेको पाइन्छ।

विश्वप्रेम अधिकारी (२०५७) ले *आँधीखोले लोकसंस्कृति र लोकगीत* नामक कृतिमा स्याङ्जा जिल्लामा प्रचलित लोकगीत र लोकगायकहरूको अध्ययन गरेका छन्। उनले यहाँ स्याङ्जा जिल्लामा प्रचलित लोकगीतको विशेष व्याख्या गर्दै यसको संरक्षणमा स्याङ्जाली लोकगायकहरूले पुऱ्याएको योगदानको समेत चर्चा गरेका छन्।

विश्वप्रेम अधिकारी (२०५८) ले *पश्चिमाञ्चलका लोकगीत र परम्परा* नामक कृतिमा स्याङ्जा जिल्लामा प्रचलित चुड्का, रोइला गीतको चर्चा गर्दै यसले लोकजीवनमा पारेको प्रभावको अध्ययन गरेका छन्। उनको यो अध्ययन स्याङ्जाका लोकगीतले यहाँको जनजीवनमा पारेको प्रभावका दृष्टिले महत्त्वपूर्ण ठहरिएको छ।

*स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन* (२०६२) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा कृष्णप्रसाद न्यौपानेले स्याङ्जा जिल्लामा प्रचलित लोकगीतहरूको विभिन्न कोणबाट विश्लेषण गरेका छन्। न्यौपानेले यस अध्ययनमा स्याङ्जामा प्रचलित लोकगीतहरू विविध दृष्टिले महत्त्वपूर्ण रहेको निष्कर्ष निकालेका छन्।

शोभाकान्त लम्साल (२०६९) ले *स्याङ्जा जिल्लाको क्याक्मी क्षेत्रमा प्रचलिच भजन चुड्काहरूको अध्ययन* शीर्षकको स्नातकोत्तर शोधपत्रमा स्याङ्जा जिल्लाका लोकगीतहरूको सामान्य चर्चा गरेका छन्। लम्सालको उक्त अध्ययन स्याङ्जा जिल्लामा प्रचलित समग्र लोकगीतमा नभएर क्याक्मी क्षेत्रमा प्रचलित भजन चुड्काहरूको अध्ययनमा मात्र केन्द्रित देखिन्छ।

विश्वप्रेम अधिकारी (२०७१) ले *आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण* नामक समीक्षात्मक कृतिमा स्याङ्जा जिल्लामा प्रचलित केही लोकभाकाहरूको अध्ययन गरेको पाइन्छ। यहाँ अधिकारीले ती लोकभाकाहरूमा प्रकटित जनजीवनलाई साङ्केतिक रूपले चर्चा गरेको देखिन्छ।

रजस्थल(२०७७) मा मुक्तिप्रसाद घर्तीले *आँधीखोले स्याङ्जालीको जीवनरेखा* शीर्षकको लेखमा आँधीखोला क्षेत्रमा गाइने लोकगीतहरूको सङ्क्षिप्त अध्ययन गरेका छन्। यस लेखमा स्याङ्जाका लोकगीतका बारेमा सामान्य चर्चा मात्रै गरी यहाँ प्रचलित केही लोकगीतहरूलाई प्रस्तुत गरेको देखिन्छ। यसै पृष्ठभूमिमा यस लेखमा स्याङ्जा जिल्लामा प्रचलित लोकगीतमा अभिव्यक्त लोकजीवनका मूलभूत सन्दर्भहरूका बारेमा वस्तुगत अनुशीलन गरी निष्कर्ष प्रस्तुत गर्ने काम भएको छ। परम्पराका सापेक्षतामा यो नवीन र आवश्यक कार्य भएको हुँदा यस लेखको औचित्य स्वतः स्थापित भएको छ।

## अध्ययन विधि

यस अध्ययनका लागि सामग्रीको स्रोत मूलतः क्षेत्रकार्य र पुस्तकालयलाई बनाइएको छ। लेखको आधार सामग्री स्याङ्जा जिल्लाभित्र प्रचलित विभिन्न लयका लोकगीत हुन्। गाउँमा बस्ने जनसमुदायले गाउने गरेका तर सञ्चार

माध्यममा रेकर्ड नभएका र स्याङ्जाली लोकगायकहरूद्वारा सञ्चारमाध्यममा रेकर्ड गरेका लोकगीतका अंशहरू प्राथमिक सामग्रीका रूपमा रहेका छन् । अध्ययनका क्रममा लिइएका अन्य सामग्रीहरू द्वितीयक सामग्री हुन् । विभिन्न स्रोत व्यक्तिहरूबाट प्राप्त स्याङ्जा जिल्लामा प्रचलित लोकगीतका फाँकीहरूलाई अगाडि सार्दै तिनमा प्रकटित विविध जीवनसन्दर्भलाई पुष्टि गर्नु यसको विश्लेषणको विधि हो ।

## स्याङ्जाका लोकगीतमा अभिव्यक्त जीवन सन्दर्भ

लोकगीत लोकसाहित्यको प्रमुख र लोकप्रिय विधा हो । यसको आफ्नै किसिमको स्वरूप र संरचना हुन्छ । लोकगीतलाई ग्राम गीत पनि भनिएको पाइन्छ । लोक सामजमा बसेर अनेक दुःखासुख भोग्दै आएका जन जनका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविछिन्न र सहज लयात्मक गीतिप्रवाह नै लोकगीत हो (पराजुली, २०५७, पृ. ७०) । यस दृष्टिले स्याङ्जाली ग्रामीण जनका गलाबाट यहीँका घरआँगन, रस्तिबस्ती, वनपाखा, पखेरा, हाटबजार, पर्व उत्सव आदिमा अलापिदै आएका, मौखिक एवम् श्रुतिपरम्परामा विकसित गीत विशेष नै स्याङ्जाका लोकगीत हुन् । अझ स्पष्ट भन्नुपर्दा स्याङ्जा जिल्लाभित्र मनाइने विभिन्न पर्व, उत्सव, हाटबजार, बेलाबखत सम्पन्न गरिने संस्कार र कर्म सम्पादन, धार्मिक अनुष्ठान, दैनिक जीवनसञ्चालन आदिमा र मन बहलाउने क्रममा यहाँका मानिसहरूले विभिन्न लयप्रवाहमा मौखिक परम्परामा गाउँदै आएका एकल, युगल र सामुहिक गीतहरू नै वास्तवमा स्याङ्जाका लोकगीत हुन् । लोकगीतको प्रकार वा भेदको वर्गीकरण विभिन्न आधारमा गरिएको हुन्छ । यहाँ प्रचलित लोकगीत क्षेत्रीय भेदअन्तर्गत पर्ने देखिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.८०) । यसै भेदका आधारमा यी लोकगीतलाई स्याङ्जाली लोकगीत भनिएको पाइन्छ । विशेष गरी स्याङ्जा जिल्लामा झ्याउरे, ख्याली, चुड्का, रोइला, ठाडो भाका, एकोहोरी, घटुवारे जस्ता सदाकालिक लयका लोकगीत प्रचलनमा रहेको पाइन्छ (अधिकारी, २०५७, पृ.५) । सामयिक लोकगीत अन्तर्गतका जेठे, असारे भदौरे, तिजे, मालश्री, देउसीभैलो, होरी/फागु, मागल, रत्यौली जस्ता लोकगीतहरू पनि स्याङ्जा जिल्लाभित्र गाइन्छ । लोकगीतमा लोकले भोगेको जीवनको अभिव्यक्ति हुन्छ । लोकजीवनको सघन अभिव्यक्ति हुनु लोकगीतको विशेषता हो (बन्धु,२०५८, पृ.११५) । यसमा लोकमानसको दुःखसुख, हर्ष-विषाद, आशा-निराशा, संयोग-वियोग अत्यन्त सघन रूपमा प्रतिबिम्बित भएको हुन्छ । लोकगीतले एक झलकमै लोकजीवनका विविध प्रसङ्गहरूलाई टिपेको हुन्छ (पराजुली, २०५७, पृ. ४८०) । स्याङ्जाका लोकगीतमा पनि उपर्युक्त विशेषता नै पाउन सकिन्छ । फरक यत्ति हो कि स्याङ्जाका लोकगीतमा मूलत ः स्याङ्जाली जनजीवनका दुःखसुख, आसु-हाँसो, आशा-निराशा, विधि-व्यवहार, आस्था र मान्यताहरूको अभिव्यक्ति फेला पर्दछ । अतः स्याङ्जाका लोकगीतमा अभिव्यक्त लोकजीवनका मुख्य सन्दर्भहरूलाई यसप्रकार निर्धारण गर्न सकिने देखिन्छ ।

## लोकविश्वास

नेपाली जनजीवन आफ्नै लोकविश्वसमा आधारित छ । यस्तो लोकविश्वासले आफ्नै किसिमको सामाजिक र सांस्कृतिक मूल्य कायम गरी लोकजीवनमा समेत गहिरो प्रभावपार्दछ (सुवेदी, २०५५, पृ.२१) । स्याङजाली जनजीवन पनि विभिन्न लोकविश्वासमा आधारित रहेको पाइन्छ । यहाँको जनजीवनमा साइत-कुसाइत, शकुन-अपशकुनका विविध सन्दर्भहरू भेटिन्छन् । रातीको निँदमा देखेका राम्रा-नराम्रा सपनाले उब्जाउने आशा र शंका छरिएका हुन्छन् । पुराना बर पिपलका रुख ओइलाउन थालेमा लामो खडेरी र भोकमरी लाग्ने, बल्दै गरेको

दियो निभेमा, सुकेको रुखमा बसेर काग कराएमा कुनै अनिष्ट हुने विश्वास गरिन्छ । यहाँका लोकगीतमा त्यस्ता लोकविश्वासहरू यसरी प्रकट भएको पाइन्छ :

आजै र मैले सपनी देखेँ ज्याग्दी है सुकेको
सन्चै पो छौ कि बिसन्चो होला कपालु दुखेको । (स्रोत : खगिसरा तिवारी, चापाकोट स्याङ्‌जा)

अहिले त मरिन्छ क्यारे
राम्दीको पिपलु ओइलायो (स्रोतः विश्वप्रेम अधिकारी, राङ्खोला स्याङ्‌जा)

बसेकी छु हजुरको नाम जप्दै
दियो बाल्दै त्यसैमा तेल थप्दै (स्रोत : रमेश विजी, पुतलीबजार स्याङ्‌जा)

काग करायो सुकेको रुखैमा
मेरो माया पऱ्यो कि दुःखैमा (स्रोतः कमला काफ्ले, वालिङ स्याङ्‌जा)

उपर्युक्त लोकगीतका फाँकीले स्याङ्‌जाली लोकजीवनमा प्रचलित विभिन्न अपशकुन र अनिष्टसँग सम्बन्धित लोकविश्वासलाई प्रकट गरेको देखिन्छ ।

## कृषि जीवन

पहाडी जिल्ला भएको कारण स्याङ्‌जाको जनजीवन पनि पहाडी प्रकृतिको छ । स्याङ्‌जा जिल्लाको प्रमुख आर्थिक आधार भनेको कृषि नै हो । यस जिल्लाका अधिकांश मानिसको जीवनशैली कृषिकर्म र पशुपालनमा आधारित छ। जिल्लाको थोरै भू-भाग सिञ्चित छ। अधिकांश भागमा आकाशे भरमा मात्र अन्नबाली उब्जन्छ। घाम पानी असिना सहेर कुटो कोदालोकै भरमा खेती गर्नुपर्छ। स्याङ्‌जाका लोकगीतमा यस किसिमको कृषिकर्म या खेतीपाती सम्बद्ध जीवनभोगाइको अभिव्यक्ति यसरी प्रकट भएको भेटिन्छ :

असारै लाग्यो हे मेरा दाजै बाटिदेउ जोतारो
भकारी भरी उब्रेछ भने किनौँला पेटारो (स्रोत : शोभाकान्त लम्साल, क्याक्मी स्याङ्‌जा)

गऱ्यो खेतीपाती
वर्खा खान पुग्दैन
यति मन रूँदैन ।
खेती गऱ्यो हुँदैन यति मन रून्छ र
विदेशको जागिरले खान पुग्छ र (स्रोतः देवेन्द्र लम्साल, चिन्नेबास स्याङ्‌जा)

असार लागेसँगै खेती गर्ने समय भएको र यसपालि धेरै अन्न उब्जिने आशा सुरूको लोकगीतांशले प्रकट गरेको छ। त्यस्तै दुःख गरीगरी उब्जाएको अन्नले न वर्षभरि खान पुग्ने न परदेशकै कमाइले जीवन धान्ने स्थितिमा अन्न

बेसाएर पनि पेट पाल्नै पर्ने किसानको पीडालाई माथिका पछिल्ला पङ्क्तिले अभिव्यक्त गरेको देखिन्छ ।

## मायाप्रेम

मायाप्रेमकै लहरो र फेरोमा बाँधिएर हरेक मानिस बाँचेको हुन्छ । पारिवारिक तथा सामाजिक जीवनमा देखिने मायाप्रेमका पनि विभिन्न रूप वा प्रकार हुन्छन् । बाबुआमा र सन्तानबीचको माया, पतिपत्नीको माया, दाजुभाइ र दिदीबहिनी बीचको माया, सँगीसाथी दमालीको माया अनि अविवाहित प्रेमी प्रेमीका बीचकोमाया आदि । स्याङ्जाका लोकगीतमा यिनै विविध खालका मायाप्रेमको अभिव्यक्ति यसरी फेला पार्न सकिन्छ ः

बस आमा नरोए धर्केर
बाँचे भने आउने छु फर्केर
हितैका साथी हो चिठी लेखन
बिरानो नसम्झ हो आउँछु भेटन

माया रूने फिरफिरे बसी
ज्याग्दी तिरमा मै हुन्छु बेहोसी (स्रोतः राजेन्द्र लम्साल क्षेत्री, चिन्नेबास स्याङ्जा)

बाबु तिमी फर्किन्छौ कहिले
के गरेर मेरो बाबु मन बुझाऊँ म अहिले(स्रोतः रत्न बानीया, फेदीखोला स्याङ्जा)

सम्झे माइती चिरिन्छ हियार
कहिले आउला दशैं र तिहार (स्रोतःकमला काफ्ले, वालिङ् स्याङ्जा)

यतै आउ मायालु
त्यता चिसो भैं भयो
मया मारे झैं भयो(स्रोत विश्वप्रेम अधिकारी, राङ्खोला स्याङ्जा)

आँधीखोला तरेसी भिरालो
यो मनमा मायाकै पिरलो (स्रोतः मुक्तिप्रसाद घर्ती, पुतलीबजार स्याङ्जा)

लोकगीतका यी फाँकीहरूमा जन्म दिने आमाप्रतिको माया अत्यन्त मार्मिक ढङ्गमा पोखिएको छ । त्यस्तै बाबु आमाको सन्तानप्रतिको अजस्र प्रेम, पराइघर गएकी चेली र माइतीको प्रेम, त्यस्तै मायालु जोडी या युवक युवती बीचको गहिरो प्रेमभाव र साथीसँगातीबिचको माया र सम्झना पनि सघन रूपमा अभिव्यक्त भएको छ । यहाँ मायाप्रेमसँग जोडिएर विछोड वा वियोगका सन्दर्भसमेत सन्निहित भएको देखिन्छ ।

## नारी वेदना

नेपाली समाज पुरुषप्रधान समाज हो। नेपाली समाजमा नारीको जीवन भिन्न प्रकृतिको देखिन्छ। ग्रामीण समाजका महिलाहरू त अझै वनपाखा, घाँस दाउरा, पानीपँधेरो, मेलापात घरगृहस्थीमा संलग्न छन्। नारी विरहका धेरैजसो गीत तिजे भाकामा व्यक्त भएको भेटिन्छ भने अन्य लयका गीतले पनि उनीहरूको मर्मलाई प्रस्तुत गरेको पाइन्छ। खासगरी स्याङ्जाली लोकगीतमा माइतीघर छाडेर पराइघर जानु, बुहार्तन सहनु, घर माइतीबाट हेला हुनु, लोग्नेबाट माया नपाउनुजस्ता अनुभूतिसँग जोडिएर आएका नारीजन्य विरहका सन्दर्भहरू यसरी प्रकट भएको भेटिन्छ :

दिनुभयो बाबाले काली पार तारेर
माइत आउन पर्ने मलाई तिजै पारेर (स्रोतः हरिकला तिवारी, चापाकोट स्याङ्जा)

सानोमा सानो दारको ठेकी दुईमाना दही जाने
घरको द:ुख देख्दैनौ बाबा जाऊ भने भैजाने
भातै र खाने काँसैको थाल घिउ खाने बटुकी
गाउँ र बेसी पाही छ बाबा लामो देउ पटुकी (स्रोतः देवीप्रसाद वनवासी, वालिङ स्याङ्जा)

लेकको घाँस बेसीको मेलो खोलीको पँधेरो
न घरमा सुख न माइत सन्तोष मन मरो अँधेरो। (स्रोत : पवित्रा लम्साल, पुतलीबजार स्याङ्जा)

आँधीखोला बढेर डम्मै छ
मनमा के छ भन्नेलाई सम्मै छ।
चैतको हावा सीमलु भुवा उँडाइदे हुरुरु
शिरैका स्वामी विरानु हुँदा मन रून्छ धुरुरु (स्रोतः टोपली घर्ती, चापाकोट स्याङजा)

प्रस्तुत पङ्क्तिहरूमा जन्मघरबाट टाढिएर लोग्नेको घर अर्थात कर्म घर गएर आफ्नो जीवन बिताउँदै गर्दा नारीहृदयले अनुभूत गर्ने विभिन्न मर्म र वेदना अभिव्यक्त भएको देखिन्छ। त्यसै गरी पतिको माया नपाउँदा वा बिछोड हुनुपर्दाका क्षणमा उत्पन्न हुने अनेक विरह भाव पनि सघन रूपमा प्रकट भएको छ।

## परदेशी जीवन

परिवार र जीवन व्यवस्थापन गर्न पैसा चाहिन्छ। स्वदेशमा आम्दानीका स्रोत र रोजगारी प्राप्तिको सहज वातावरण छैन। यही कारण आर्थिक जोहो गर्न परदेश पस्नु नेपालीहरूको बाध्यता हो। यसबाट स्याङ्जाली जीवन पनि प्रभावित छ। यहाँका युवा धन आर्जन गर्नका लागि परदेश जानु आउनु परम्परादेखि नै चलेको चलन हो। स्याङ्जा जिल्लाका कतिपय युवाहरू भारतीय तथा बेलायती सेनामा कार्यरत छन् भनेकति त कामदारका रूपमा संसारका अन्य मुलुकमा गएर बसेका छन्। यस्तो स्थितिमा आर्थिक विपन्नताका कारण परदेशिनु पर्दाको पीडा र त्यसले जन्माएका पारिवारिक, सामाजिक र सांस्कृतिक विरह बिछोडका सन्दर्भहरू स्याङ्जाका लोकगीतमा यसरी प्रकट भएको भेटिन्छ :

म त आमा नौ सागर पारी
कति सम्झुँ हितैकी मनकारी
आँधीखोलामा नरौ हे आमा मर्ने चोलामा (राजेन्द्र लम्साल, चिन्नेवास स्याङ्जा)

मनमा पीर मानी परदेश जानी निरिमाया म दुःखी हैछर
बस्ने मन घरमा फुटेको कर्म निरिमाया के लाग्दो रैछर। (विश्व विनोद, चापाकोट स्याङ्जा)

देशै जाउँला कमाउला धन
पापी ज्यान हरायो नभन
मौलानीको के भर छ र
न त चिठी न आउनी खबर
करिमैले दिनदिन ठगेसी
उहि त हो नि सधैँको परदेशी (दलिमाया वि.क., रत्नपुर स्याङ्जा)

उपर्युक्त पङ्क्तिहरूमा मूलतः आर्थिक बिपन्नताका कारण परदेशिन बाध्य युवाहरूको व्यक्तिगत, पारिवारिक तथा सामाजिक पीडा र मर्म अत्यन्त मार्मिक ढङ्गले अभिव्यक्त भएको पाइन्छ।

## प्रकृति चित्रण

प्रकृति लोकजीवनको अभिन्न पाटो हो । यसर्थ लोकगीतको सिर्जनामा प्रकृतिले पनि ठूलो भूमिका खेलेको पाइन्छ। नेपालका जुनसुकै क्षेत्रमा प्रचलित लोकगीतमा आँखाले देखेको स्थानीय प्रकृतिसँग जोडेर लोकमानसका भावनाहरू अभिव्यक्त भएको भेटिन्छ। लोकगीत जोर्नेले आफू जन्मेहुर्केको थात थलो वरपर देखिने वनपाखा, खोलानाला, घाम पानी, पहाड, जङ्गल, चराचुरुङ्गी आदिलाई टपक्क टिपेर गीतमा गाएका हुन्छन् । स्याङ्जाली लोकगीतमा पनि प्रकृतिसँग साँधिएर आएका भावहरू यसरी प्रकट भएको पाइन्छ :

तल ज्याग्दी माथि छ तारे भिर
कहिल्यै मेरो भएन ठाडो शिर। (स्रोतः मनमाया तिवारी, रत्नपुर स्याङ्जा)

पारी पाखा घाम लाग्यो घमाइलो
मै चेलीलाई जन्म घर रमाइलो
यो मनैमा के हुन्छ हुन्छ
वनको न्याउली कराउँदा मन रून्छ। (स्रोतः बाबुकुमार सिग्देल, हरिनास स्याङ्जा)

चैतको उराठे मैना
भैमा पात रुखमा क्यै छैन (स्रोतः विश्वप्रेम अधिकारी, राङ्खोला स्याङ्जा)

बग्यो आँधी झर्‍यो सेती दोभान
रून्छ यो मन (स्रोतः विष्णु गुरुङ्, पुतलीबजार, स्याङ्जा)

लोकगीतका उपर्युक्त अंशहरूमा प्रकृति चित्रणसँगै प्रकृतिसँग मानव जीवनको निकटता प्रस्तुत भएको देखिन्छ। यसका साथै प्रकृतिसँगै जोडेर मानवीय भावसमेत अभिव्यक्त भएको पाइन्छ।

## भाग्यवादी चिन्तन

नेपाली समाज पूर्वीय भाग्यवादमा विश्वास राख्ने समाज हो । यस्तो भाग्यवादी या कर्मवादी चिन्तन नेपाली लोकगीतमा गहिरोसँग प्रकट भएको देखिन्छ। भाग्य वा नियतिवादी चिन्तन अभिव्यक्त हुनु पनि स्याङ्जाका लोकगीतमा पाइने महत्त्वपूर्ण पक्ष हो। यहाँ प्रचलित लोकगीतमा विशेषतः भाग्यकै कारण मानिस आफू गरिब हुनुपरेको, आर्थिक बिपन्नताले जन्म देश छोडेरपरदेसिनु परेको, परिवार, मायालु अनि आफन्तजनसँग विछोड हुनुपरेको, जीवनमा अनेक दुःखकष्ट भोग्नुपरेको जस्ता गहन सन्दर्भहरू यसरी प्रकट भएको भेटिन्छ :

करिमैमा नभएपछि त
झर्दोरैछ निधारको अक्षता

सधैँ मलाई यस्तै पो होला कि
कहिले कसो सुखले छोलाकि(स्रोतः पुन्यप्रसाद बस्याल, चापाकोट स्याङ्जा)

हातैमा लाउने चाँदीको बाला बाघमुखे लेखेको
कसैले मेटी मेटिने छैन भावीले लेखेको
पाइन्छ रे हे निर माया भावीले लेखेको
पाइदैन रे हे निर माया आँखाले देखेको (स्रोत : विश्वप्रेम अधिकारी, राङ्खोला स्याङ्जा)

भिरमा लरक्यो खर
जाँ लान्छ कर्मले त्यैँ हो मेरो घर(स्रोत : सावित्री शाह, स्याङ्जा)

वनको न्याउली पनि सोझो छैन मसित
कर्मै बिग्रे पछि त (स्रोत : देवी गैह्रे, सेखाम स्याङ्जा)

यसरी भाग्य वा कर्मकै भरमा जीवन चलेको र भाग्यमै भएमात्र जीवनमा सबै कुरा पाउन सकिनेमार्मिक र गहकिला अभिव्यक्तिहरू स्याङ्जाका लोकगीतमा फेला पार्न सकिन्छ।

## आध्यात्मिक चिन्तन

हिन्दू धर्म, दर्शन र संस्कृतिको जगबाट आध्यात्मिक चिन्तन प्रतिपादित भएको देखिन्छ । लोकसाहित्यका सन्दर्भमा यस्तो आध्यात्मिक भावको अभिव्यक्ति मूलतः धार्मिक लोकगीतअन्तर्गत पर्ने भजन चुड्का गीतमा पाइन्छ । अधिकांश स्याङ्जाली जन हिन्दू धर्म र दर्शनप्रति आस्थावान् रहेको स्थिति फेला पर्दछ । यसका साथै स्याङ्जा जिल्ला आफैमा भजन चुड्काको उर्वर थलोका रूपमा समेत परिचित छ । स्याङ्जा बासीले मनाउने विभिन्न पर्व, धार्मिक अनुष्ठान एवम् उत्सवमा गाइने यहाँका भजन चुड्कामा आत्मा परमात्मा, इहलोक परलोक, एवम् आत्मज्ञान सम्बन्धी विविध चिन्तन यसरी व्यक्त भएको पाइन्छ :

स्वप्न झैँ संसार छ, भुल्नु है बेकार छ
अन्त्यमा छ चोला यहाँ, बस्नु दिन चार छ
मेरो घर परिवार छ मेरो घर झम्मार छ

यति भए यसो गर्छु तृष्णा यो बेकार छ (इन्द्रनारायण लम्साल, क्याक्मी स्याङ्जा)
बाँचुन्जेल तेरो र मेरो

मरेपछि ढुङ्गैको चौघेरो (स्रोतः खडानन्द डोटेल, चापाकोट स्याङ्जा)
यसबाहेक स्याङ्जा जिल्लाका गाउँघर, वन पाखामा गाइने अन्य लयका लोकगीतमा पनि आध्यात्मिक भाव प्रकट भएको पाउन सकिन्छ ।

## निष्कर्ष

स्याङ्जा भौगोलिक, प्राकृतिक, ऐतिहासिक एवं सांस्कृतिक विविधताले भरिपूर्ण एवं महत्त्वपूर्ण जिल्ला हो । विविधतामय परिवेशबाट नै स्याङ्जाको जनजीवन वेष्टित छ । मूलतः स्याङ्जा जिल्लाबासीहरूको जीवनशैली, परम्परा र तिनले भोग्दै र यापित गर्दैआएको यावत् दुःखसुख सन्निहित जनजीवन नै मूलतः स्याङ्जाली जनजीवन हो । यही जनजीवनमा प्रचलित, मौखिक परम्परामा पुस्तान्तरित हुँदै आएका अनि लोकलयात्मक प्रवाहका गीत नै स्याङ्जाका लोकगीत हुन् । यहाँ प्रचलित लोकगीत स्याङ्जाली जनजीवनको अभिन्न पाटोका रूपमा समेत रहेको देखिन्छ । स्याङ्जामा विभिन्न लयप्रवाहमा संरचित सामयिक तथा सदाकालिक लोकगीतहरू प्रचलनमा रहेको पाइन्छ । यी लोकगीतहरूमा स्याङ्जाली जनमानसले देखेभोगेका यावत् जीवनसन्दर्भहरू लयात्मक प्रवाहमा साँधिएर सघनतासाथ अभिव्यक्त भएको देखिन्छ । यहाँका लोकगीतमा स्याङ्जाली जनजीवनका विविध पक्षहरू प्रकट भएको फेला पार्न सकिन्छ । यसो भए तापनि मूलतः लोकविश्वास, कृषिकर्म, मायाप्रेम, परदेशी जीवन, प्रकृति चित्रण, भाग्यवादी चिन्तनसँग सम्बद्ध विषयभावहरू अझ बढी मार्मिक रूपमा उद्घाटित हुन आएको भेटिन्छ । स्याङ्जाली लोकजीवनसँग सम्बद्ध मूलभूत पक्षहरू पनि उपर्युक्त नै हुन् । त्यसमा पनि अझ मायाप्रेम, परदेशी जीवन र भाग्यवादी चिन्तनको सघन अभिव्यक्ति भएका लोकगीतसँगै साँधिएर स्याङ्जाली लोकजीवन अभिव्यञ्जित भएको देखिन्छ । यहाँका लोकगीतमा सिङ्गो स्याङ्जाली सभ्यता र जनजीवन प्रष्टसँग झल्किएको देखिन्छ । त्यति मात्र नभइ लोकजीवनको अभिव्यक्ति र मौलिकताका दृष्टिले स्याङ्जाली लोकगीतको स्थान राष्ट्रिय

सन्दर्भमै उच्च रहेको भेटिन्छ । तसर्थ पनि लोकजीवनको अभिव्यक्तिका दृष्टिले स्याङ्जाका लोकगीत सबल, महत्त्वपूर्ण र अध्येयसमेत ठहरिन्छन् । अतः स्याङ्जाका लोकगीतको वैशिष्ट्य पनि यही नै हो ।

**सन्दर्भ सामग्री**

अधिकारी, नारायणप्रसाद (२०४३),*ज्याग्दीखोले लोकगीतको सङ्कलन,* वर्गीकरण र अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, विश्वप्रेम (२०५७), *आँधीखोले लोकसंस्कृति र लोकगीत,* स्याङ्जाः विजयकुमार अधिकारी ।

अधिकारी, विश्वप्रेम (२०५८), *पश्चिमाञ्चलका लोकगीत र परम्परा,* स्याङ्जा : विजयकुमार अधिकारी ।

अधिकारी, विश्वप्रेम (२०७१), *आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण,* स्याङ्जा : विजयकुमार अधिकारी ।

घर्ती, मुक्तिप्रसाद (२०७७),“आँधीखोलो : स्याङ्जालीको जीवनरेखा”, *रजस्थल,* २४:८४, पृ. २६-२७ ।

न्यौपाने, कृष्णप्रसाद (२०६२), *स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि कीर्तिपुर ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,* काठमाडौँ : वीणा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

लम्साल, शोभाकान्त (२०६९), *स्याङ्जा जिल्लाको क्याक्मी क्षेत्रमा प्रचलित भजन चुड्काहरूको अध्ययन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

वनवासी, देवीप्रसाद (२०५५), *आँधीखोले लोकसंस्कृति, स्याङ्जाः* चित्रलेखा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, हंसपुरे (२०५५), *नेपाली लोकजीवन : लोकविश्वास,* ललितपुर : साझा प्रकाशन ।